# त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक ऐन

त्रिपुरासुन्दरी नगरपालिका वर्ष सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना

त्रिपुरासुन्दरी नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को वर्ष सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा वाय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमाजिम त्रिपुरासुन्दरी नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम " आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि त्रिपुरासुन्दरी नगरपालिका क्षेत्रमा लागु हुनेछ।

२. सम्पति कर : नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असुल उपर गरिनेछ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर लगाईने र असुल उपर गरिनेछ।

४. घर बहाल कर : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाईने र असुल गरिनेछ।

५. व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

६. जटिबुटी, कवाडी र जीवजन्तु कर: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ।

७. सवारी साधन कर: नगरपालिकाको क्षेत्रभित्र दर्ता भएका, यस क्षेत्रमा सञ्चालनमा आएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. विज्ञापन कर: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. मनोरञ्जन कर: नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम मनोरन्जन व्यवसाय कर लगाईने र असुल र असुल उपर गरिनेछ। तर प्रदेश कानुन भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. बहाल विटौरी शुल्क : नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी हुल्क लगाईने र असुल उपर गरिनेछ।

११. पार्किङ शुल्क : क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क : नगरपालिकाको क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. शेवा शुल्क दस्तुर : नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसुचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४. पर्यटन शुल्क : नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएकोमा सोहि बमोजिम हुनेछ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची -१

| सि.न. | आम्दानी शिर्षक | आम्दानी संकेत नं. | करका दर | कैफियत |
|---|---|---|---|---|
| क | सम्पती कर | | | |
| ख | पाँच लाख सम्मको | | रु ५०० | वार्षिक |
| ग | पाँच लाख देखि दश लाख सम्मको | | रु ८५० | वार्षिक |
| घ | दश लाख देखि पन्ध्र लाख सम्म | | रु १२५०। | वार्षिक |
| ङ | पन्ध्र लाख भन्दा माथि | | रु १५००। | वार्षिक |

## अनुसूची -२

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | मालपोत वा भूमिकर | | | |
| क | बारी र पाखो | | प्रतिरोपनी १० | |

## अनुसूची -३

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | घरबहाल कर | | | |
| क | बहाल कर | | १० प्रतिशत | प्रति घर प्रतिकोठा |

## अनुसूची -४

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | व्यवसाय कर | | | |
| क | रु ५ लाख सम्म | | रु २५०० | |
| ख | रु ५ लाख देखि १० लाख सम्म कारोवार हुने व्यवसाय | | रु ४००० | |
| ग | रु १० लाख देखि २० लाख सम्म कारोवार हुने व्यवसाय | | रु ६००० | |
| घ | रु २० लाख भन्दा माथी कारोवार हुने व्यवसाय | | रु १०००० | |

## अनुसूची - ५

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | जडीवुटी कर | | | |
| क | यार्सागुम्बा | | | |
| | आन्तरिक कर | | रु ५००० | प्रति १ के.जी. |
| ख | प्रवेश शुल्क | | | |
| | सर्वसाधारण ( डोल्पा ) | | रु १००० | प्रति व्यक्ति |
| | सर्वसाधारण ( अन्यत्र जिल्ला ) | | रु २००० | प्रति व्यक्ति |
| ग | अन्य जडीवुटी | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ६

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
| --- | --- | --- | --- | --- |
| | सवारी साधन कर | | | |
| क | जीप तथा घोडा खच्चर | | वार्षिक २००००० | हाल सम्म डोल्पामा सञ्चालन रहेका |

## अनुसूची - ७

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
| --- | --- | --- | --- | --- |
| | विज्ञापन कर | | | |
| क | होडिङ्ग बोर्ड तथा भित्ते लेखन | | रु ५००० | प्रति पटक |

## अनुसूची - ८

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
| --- | --- | --- | --- | --- |
| | मनोरञ्जन कर | | | |
| क | सिनेमा हल, रोदी घर, नाच घर, नाटक घर तथा मनोरञ्जनात्मक व्यवसाय | | रु १५००० | वार्षिक |

## अनुसुची - १२

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | सेवा शुल्क | | | |
| क | योजना सम्झौता वा सिफारिस | | रु २५० | यस न.पा. वा अन्य कार्यालय |
| ख | कार्य सम्पन्न भएको सिफारीस | | रु ५००।- | यस न.पा. वा अन्य कार्यालय |
| ग | सिफारिस दस्तुर | | रु १०० | अन्य कार्यालयमा पठाउने |
| घ | चार किल्ला प्रमाणित | | रु ६०० | |
| ङ | नाता प्रमाणित | | रु १०० | |
| च | फोहोर मैला व्यवस्थापन | | रु १५० | प्रति घर प्रति महिना |
| छ | पञ्जीकरण दस्तुर | | रु २५० | ३५ दिन नाघेमा |
| ज | हातहतियार नविकरण | | रु १००० | वार्षिक |
| झ | सम्झौता कर | | | |
| १ | INGO का लागी | | रु १०००० | वार्षिक |
| २ | NGO का लागी | | रु ३००० | वार्षिक |
| ३ | स्थानीय क्लव तथा समुह | | रु ५०० | वार्षिक |
| ञ | फुटपाथ तथा नाइले कर | | रु १००० | वार्षिक |
| ट | आय प्रमाणित | | | |
| १ | रु ५लाख सम्म | | रु १००० | |
| २ | रु ५ लाख देखी १० लाख सम्म | | रु १५०० | |
| ३ | रु १० लाख देखी २० लाख सम्म | | रु ५००० | |
| ४ | रु ५० लाख देखी १ करोड सम्म | | रु १०००० | |
| ५ | रु १ करोड भन्दा माथी | | रु २०००० | |
| ठ | ठेक्का पट्टा कर | | | |
| ड | घ वर्गको लागि वार्षिक | | रु ५००० | |
| ढ | घर जग्गा तथा नक्सा प्रमाणित | | रु ३०० | |
| ण | घर र्निमाण स्विकृती | | रु ५०० | |
| त | तला थप्ने स्विकृती | | रु ३०० | |
| थ | रोयल्टि प्राप्त | | | |
| १ | ढुगां,वालुवा,गिट्टी ढुवानी | | रु १०० | प्रति टिप |
| २ | उत्खनन गरेको ठाँउमा ढुगां १ चट्टा | | रु १००० | |
| ३ | उत्खनन गरेको ठाँउमा गिट्टी १ बोरा | | रु २.५० | |
| ४ | उत्खनन गरेको ठाँउमा बालुवा १ बोरा | | रु २.५० | |

## अनुसूची -१३

| सि.नं | आम्दानी शीर्षक | आम्दानी संकेत नं | करका दर | कैफियत |
|---|---|---|---|---|
| | पर्यटन शुल्क | | | |